
# पहिलो चौमासिक प्रतिवेदन




## ऐरावती गाउँपालिका

प्रदेश नं. ५ बरौंला, प्यूठान

कृषि, पर्यटन, रोजगारीको बढाउँदै गति, शान्त, सुन्दर, समुन्नत बनाऔं ऐरावती

## १ पृष्ठभुमि

नेपालको संविधान २०७२ ले घोषणा गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल कार्यान्वयनको महत्वपुर्ण खुड्किलोको रुपमा नेपाल सरकारले २०७३ फागुन २७ गते नेपाल राजपत्रमा सुचना प्रकाशित गरि संघीय संरचना अनुसारका ७५३ स्थानीय तह रहेको छ । सोही अनुसार लुम्बिनि प्रदेश अन्तर्गत पर्ने प्युठान जिल्लाका ९ स्थानीय तह मध्येको एक गाउँपालिका हो ऐरावती गाउँपालिका। यस गाउँपालिकाको नाम माडि नदि र झिम्रुक नदीको संगम स्थलमा रहेको धार्मिक क्षेत्र ऐरावतीको नामबाट राखिएको हो। प्युठान जिल्लाको सदरमुकाम देखि पुर्व दक्षिण दिशामा पर्ने यो गाउँपालिकाको केन्द्र सम्म आइपुग्न करिव ३९ किलोमिटरको सडक यात्रा गर्नुपर्छ। साविकका ६ वटा गाउँ विकास समितिहरु बरौंला, पकला, दाङबाङ, धुवाङ, रस्पुरकोट तथा बिजुली लाई समेटेर बनाइएको यो गाउँपालिकामा ६ वार्डहरु रहेका छन। साविक धुवाङ गा वि स का वडा नं ७ र ८ तथा रस्पुरकोट गा वि सका ६,७,८ र ९ नं वडाहरु भने क्रमशः सरुमारानी र मल्लरानी गाउँपालिकामा समाहित भएका छन। १५६.७५ वर्ग किमि क्षेत्रफल ओगटेको यस गाउँपालिकाको २०६८ को जनगणना अनुसार कुल जनसंख्या २२३९२ रहेको छ।पुर्वमा अर्घाखाँची जिल्ला पश्चिममा सरुमारानी र माण्डवी गाउँपालिका उत्तरमा मल्लरानी र माण्डवी गाउँपालिका र दक्षिणमा सरुमारानी र अर्घाखाँची पर्ने यो गाउँपालिकाको केन्द्र ऐरावती-२ ददेरीपाटामा रहेको छ।

यहाँ क्षेत्री, ब्राह्मण, गन्धर्भ, ठकुरी, वादी, मगर, गुरुङ, राउत, कुमाल लगाएतका जातजातीहरुको बसोबास रहेको छ। झिम्रुक र माडि नदिको जलाधार क्षेत्रको रुपमा रहेको यो गाउँपालिकामा ऐरावती, बिजुलीकोट, बरौंलाकोट, जाबुनेदह, आलमदेवी मन्दिर, पालुकाथान, काफलबुटा, लिपिकोट आदि मुख्य धार्मिक स्थलहरु रहेका छन। घाटुनाच, मारुनी नाच, सोरठी नाच, सराय नाच जस्ता नाचहरू यहाँका प्रचलित नाचहरु हुन। बिजुलीकोट, बरौंलाकोट, लिपिकोट, दाङबाङको द्वादशी र जाबुनेमा बडा दशैको अवसरमा मेला लाग्ने गर्दछ भने द्वारेघाटको तिहारे षष्टी मेला तथा ऐरावतीको माघे सक्रान्तीको मेला यहाँका चर्चित मेलाहरु हुन। धार्मिक तथा प्राकृतिक सुन्दरतामा सजिएको यो गाउँपालिका धेरै सम्भावना बोकेर अवसरको पर्खाइमा रहेको छ।

२०६८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या २२,३९२ रहेको छ जसमध्ये महिलाको जनसंख्या १२,७२७ (५६.८४ प्रतिशत) र पुरुषको जनसंख्या ९,६६५ (४३.१६ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी मगर जाति ७,८८३ जना (३५.२० प्रतिशत), दोस्रोमा क्षेत्री ४,७५४ (२१.२३ प्रतिशत) र तेस्रोमा ब्राम्हण पहाडी २,१५५(९.६२ प्रतिशत) को बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको वैज्ञानिक विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिका आधारभूत देखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था मात्रामा रहेका छन् भने उच्च शिक्षा विकासको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, साउने र माघे सक्रान्ति, होली, महाशिवरात्री, चैते दशै, कृष्णजन्माष्टमी, ल्होसार, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

आर्थिक वर्ष २०७९/०८० को पहिलो चौमासिकमा भएका प्रगती विषय क्षेत्रगतका अधारमा <u>विषयगत क्षेत्रको उपलब्धिहरु</u>

<u>शिक्षा तर्फ</u>

- राष्ट्रपती शैक्षिक सुधार र मूख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रममा योजना छनोट गरि लागु गरिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण भएको ।
- विद्यालय विज्ञान प्रयोगशाला स्थापना,पुस्तकालय स्थापना तथा ICT conectivityका ब्यवस्था गरिएको ।
- विद्यालयमा सेनेटरी प्याडको ब्यवस्था गरिएको ।
- सरसफाइ,अतिरिक्त कृयाकलाप,नियमितता तथा टिकाउदर कायम राख्ने र उत्कृष्ट सिकाइ उपलब्धि कायम राख्न विभिन्न कार्यक्रमहरु गरिएको ।

<u>स्वास्थ्य तर्फ</u>

- संस्थामा सुत्केरी हुनेको लागि प्रोत्साहन तथा अन्तरकृया कार्यक्रम गरिएको ।
- ८० वर्ष माथिका जेष्ठ नागरिकलाइ निशुल्क घरदैलोमा उपचार सेवा प्रदान गरिएको ।
- १० वटा बाह्य खोप केन्द्र तथा ४ वटा सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरि कर्मचारी तथा कार्यालय ब्यवस्थापन गरि सञ्चालनमा ल्याएको ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूका लागि जनशक्तिको आवश्यकता निर्धारण तथा ब्यवस्थापन गरेको ।
- गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य संस्थाहरूमा औषधी, उपकरण र अन्य सामग्री आपूर्ति गरेको ।
- गाउँपालिकामा स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीता कार्यान्वयन सुनिश्चित गर्नको लागि पहल गरेको ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि अन्य संस्थाहरुसंग साझेदार र समन्वय गरेको ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा संचालनका लागि समस्याहरुको पहिचान गर्ने र समाधानका उपायहरु खोजी गर्ने गरेको ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सुपरिवेक्षण / निगरानी गर्ने गरेको ।

- एरावती गाउँपालिका वडा न २ को बरौला स्वास्थ्य सस्थामा चिकित्सकिय सेवा शुचारु गरेको ।
- पालिका अर्न्तगतका सवै स्वास्थ्य संस्थाहरुवाट मासिक १ दिनका दरले चिकित्सकिय सेवा प्रदान गरिएको ।
- बरौला स्वास्थ्य चौकीमा usg सेवा तथा ecg सेवाको बिस्तार गरिएको ।

## पशु विकास शाखा

- ऐरावती गाउँपालिका पशु सेवा शाखा कार्यालयको लागि औषधी खरिद गरी बितरण ।
- पशु पालक कृषकका लागि मिनरल ब्लक खरिद गरी बितरण ।
- भ्याक्सिनेटर छनौट गरी परिचालनको तयारी ।

## कृषि विकास शाखा

- आकस्मीक बाली संरक्षण (बिषादी खरिद) गरी बितरण गरिएको ।
- तरकारी सिडकिट खरिद गरी बितरण गरीएको ।
- कृषकहरुको तथ्याकं संकलनको लागि गणहरु परिचालन गरेको ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- बेरोजगार व्यक्तिहरुको निवेदन संकलनको कार्य भईरहेको छ ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सम्पन्न गरियो ।

## पंञ्जिकरण शाखा

- आर्थिक वर्ष ०७९/०८० मा सुरक्षा भत्ता पाउने लाभग्राहीको नविकरण गरिएको ।
- दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता समयमै वितरण गरिएको ।

## गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

- नया लघु उद्यमी सृजनाको लागि श्रोत सर्वेक्षण, वडा स्तरीय अभिमुखीकरण, सामाजिक श्रोत नक्साकंन , घर धूरी सर्वेक्षण, उद्यम सिलता विकास तालिम ,सिप विकास तालिम कार्यक्रम सम्पन्न गरेको ।

## पूर्वाधार विकास शाखाको

- गाउँपालिकाको प्रशासकीय भवनवडा , नं ६ को वडा कार्यालय भवन ,बृहत बरौला खानेपानी आयोजना, तिल्केनी चुत्रेनी खानेपानी आयोजाना निर्माण संचालनमा रहेका छन । दाङबांग लिफ्ट खानेपानी आयोजना, वडा नं १ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ । सुरक्षित नागरीक आवास कार्यक्रमको सम्झौता कार्य भईरहेको छ ।
- १५ शैयाको अस्पताल निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार भै ठेक्का प्रक्रियाको अन्तिम चरणमा रहेको छ ।
- वडा स्तरीय सडक मर्मत कार्य सम्पन्न भएका छन् । चुका-माझिदमार ऐरावती सडकको निर्माण कार्य भईरहेको छ ।

## योजना शाखा अन्तर्गत सम्पादन भएका कार्यक्रमहरु

- आर्थिक वर्ष २०७९/०८० को लागि पालिका भित्र २२१ वटा योजनाको लागि बजेट विवनियोजन गरिएको छ ।
- हालसम्म १८० वटा योजनाहरुको सम्झौता भइ निर्माण कार्य भईरहेको छ । सो मध्ये ६२ वटा योजनाको भुक्तानी भईसकेको ।
- आर्थिक वर्ष २०७९/०८० मा भौतिक प्रगती ४१ प्रतिशत भएको छ ।

- **आर्थिक वर्ष २०७९।०८० को पहिलो चौमासिकको खर्च विवरण**

१.आर्थिक विकास तर्फ - १३.६ प्रतिशत खर्च भएकोछ ।

२. सामाजिक विकास तर्फ- ३८.९९ प्रतिशत खर्च भएकोछ ।

३. पूर्वाधार विकास तर्फ - १४.७३ प्रतिशत खर्च भएकोछ ।

४. शुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ -३६.४५ प्रतिशत खर्च भएकोछ ।

५. कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ -३२.४ प्रतिशत खर्च भएकोछ ।

आर्थिक वर्ष २०७९/०८० को पहिलो चौमासिकमा जम्मा ३०.३ प्रतिशत खर्च भएकोछ ।

समाप्त

## शिक्षा तर्फ

- राष्ट्रपती शैक्षिक सुधार र मूख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रममा योजना छनोट गरि लागु गरिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण भएको ।
- विद्यालय विज्ञान प्रयोगशाला स्थापना,पुस्तकालय स्थापना तथा ICT conectivityका ब्यवस्था गरिएको ।
- विद्यालयमा फिल्टर र सेनेटरी प्याडको ब्यवस्था गरिएको ।
- सरसफाइ,अतिरिक्त कृयाकलाप,नियमितता तथा टिकाउदर कायम राख्ने र उत्कृष्ट सिकाइ उपलब्धि कायम राख्न विभिन्न कार्यक्रमहरु गरिएको ।
- कार्य सम्पादनका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कार्यालय सहयोगीलाई सम्मान गरेको ।
- विपन्न तथा गरिब जेहेन्दार विद्यार्थीहरुलाई छात्रावृती वितरण गरिएको ।

## स्वास्थ्य तर्फ

- संस्थामा सुत्केरी हुनेको लागि प्रोत्साहन तथा अन्तरकृया कार्यक्रम गरिएको ।
- ८० वर्ष माथिका जेष्ठ नागरिकलाइ निशुल्क घरदैलोमा उपचार सेवा प्रदान गरिएको ।

- १० वटा बाह्य खोप केन्द्र तथा ४ वटा सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरि कर्मचारी तथा कार्यालय ब्यवस्थापन गरि सञ्चालनमा ल्याएको ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूका लागि जनशक्तिको आवश्यकता निर्धारण तथा ब्यवस्थापन गरेको ।
- गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य संस्थाहरूमा औषधी, उपकरण र अन्य सामग्री आपूर्ति गरेको ।
- गाउँपालिकामा स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीता कार्यान्वयन सुनिश्चित गर्नको लागि पहल गरेको ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि अन्य संस्थाहरुसंग साझेदार र समन्वय गरेको ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवा संचालनका लागि समस्याहरुको पहिचान गर्ने र समाधानका उपायहरु खोजी गर्ने गरेको ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा सुपरिवेक्षण / निगरानी गर्ने गरेको ।
- एरावती गाउँपालिका वडा न २ को बरौला स्वास्थ्य सस्थामा चिकित्सकिय सेवा शुचारु गरेको ।
- पालिका अर्न्तगतका सवै स्वास्थ्य संस्थाहरुवाट मासिक २ दिनका दरले चिकित्सकिय सेवा प्रदान गरिएको ।
- बरौला स्वास्थ्य चौकीमा usg सेवा तथा ecg सेवाको बिस्तार गरिएको ।

## पशु विकास शाखा

- ऐरावती गाउँपालिका पशु सेवा शाखा कार्यालयको लागि औषधी खरिद गरी बितरण ।
- पशु पालक कृषकका लागि मिनरल ब्लक खरिद गरी बितरण ।
- बहु बर्षिय डाले तथा भुई घाँसको बीउ खरिद गरी बितरण ।
- भ्याक्सिनेटर छनौट गरी परिचालनको तयारी ।

## कृषि विकास शाखा

- आकस्मीक बाली संरक्षण (बिषादी खरिद) गरी बितरण गरिएको ।
- तरकारी सिडकिट खरिद गरी बितरण गरीएको ।

- कृषि विकास शाखाको कार्यक्रमलाई प्रभाबकारी कार्यान्वयनका लागि कृषि/पशुपन्छी अधिकृत जनशक्ति करारमा भर्ना गरी सेवा प्रवाह गरिएको ।
- कृषकहरुको तथ्याकं संकलनको लागि गणहरु परिचालन गरेको ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- १२१ जना प्राथमिकरणमा परेका बेरोजगारहरुलाई १०० दिनको लागि काममा खटाइयो ।
- १ देखि ६ वडा सम्मा २९ वडा योजनाहरुमा काम सम्पन्न भएको ।
- टिकुरी २० मीटर तथा कैरान गोल्जा जाने मोटरबाटो २५ मीटर पी.सी.सी. गर्ने कार्य गरियो ।
- आर्थिक वर्ष ८८७ जना बेरोजगार व्यक्तिहरुको विवरण आनलाई अद्यावधिक गर्ने कार्य गरियो ।
- खर्च प्रगति

  १. कामको लागि परिश्रमिकमा आधारिक कार्यक्रम अन्तरगत ९९।७ प्रतिशत

  २. युवा रुपान्तरण पहल आयोजना अन्तरगत ९८।०० प्रतिशत

## पंञ्जिकरण शाखा

- आर्थिक वर्ष ०७८/०७९ को साउन महिना देखी कार्तिक मसान्तसम्म सामाजिक सुरक्षा भत्ता पाउने २,१७६ जना लाभग्राहीहरुको नविकरण गरिएको ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाका विषयमा मन्त्रालयले बनाएको रेडियो जिंगलहरु जिल्लाका विभिन्न रेडियोमा प्रशारण गरिएको ।

- २४९० जनालाई २,१३,७९,१६१ (अक्षरुपी दुई करोड तेह्र लाख उनन्साठी हजार एक सय एकसठ्ठी रुपियाँ) सामाजिक सुरक्षा भत्ता वितरण गरियो ।
- सामाजिक सुरक्षा सम्बन्धी फर्वाड फिड र रिभर्स फिड सम्बन्धी जानकारी,सामाजिक सुरक्षा अनलाईन प्रविष्टि तथा बैंकिङ प्रणालीको स्पष्ट जानकारी, सामाजिक सुरक्षा सम्बन्धी वडा अन्तगतका लाभग्राहीहरुलाई विस्तृत जानकारी दिने लाभग्राहीहरुलाई पञ्जीकरण तथा घट्ना दर्ता गर्नुको आवश्यकता/महत्व तथा औचित्यता स्पष्ट, वडाका कर्मचारीलाई घटना दर्तालाई एम.आई.एस.मा प्रविष्ट एवं संचालन गर्न सहयोग गर्ने लगाएतका उदेश्यले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सम्बन्धी गाउँपालिकाका ६ वटै वडामा फाल्गुन महिनामा १/१ दिन अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।
- २०७९ वैशाख १ गतेदेखी ७ गतेसम्म घटना दर्ता सप्ताह कार्यक्रम मनाईएको ।

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

- नया लघु उद्यमी सृजनाको लागि श्रोत सर्वेक्षण, वडा स्तरीय अभिमुखीकरण, सामाजिक श्रोत नक्साकंन , घर धूरी सर्वेक्षण, उद्यम सिलता विकास तालिम ,सिप विकास तालिम प्राविधि हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको ।
- ८० जना लघु उद्यमी सृजना गरिएको ।
- भई रहेका ४० जना लघु उद्यमीहरुलाई स्तरोन्नोती गरिएको ।

योजना तथा पूर्वाधार विकास शाखाको

- चालु आ.व.मा स्वीकृत वार्षिक कार्यक्रम जम्मा ४२७ योजना मध्ये ४०७ ९६) (% ओटा योजना सम्पन्न भएका छन , ९ ओटा योजनाको भुक्तानी बाकि रहेको छ |
- गाउँपालिकाको प्रशासकीय भवनवडा , नं ६ को वडा कार्यालय भवन ,बृहत बरौला खानेपानी आयोजना, तिल्केनी चुत्रेनी खानेपानी आयोजाना,झीम्रुक बिजुलोकोट लिफ्ट खानेपानी आयोजना निर्माण संचालनमा रहेका छन ,यो आ.व.मा दाङबांग लिफ्ट खानेपानी आयोजना, वडा नं १ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छनसमपुरक , योजना मार्फत गोर्खा वेलफेयर संग्गको सहकार्यमा ४ ओटा खानेपानी आयोजना सम्पन्न भएका छन .
- १५ शैयाको अस्पताल निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार भै ठेक्का प्रक्रियाको अन्तिम चरणमा रहेको छ .
- पूर्वाधार विकास उप क्षेत्र अन्तरगत यातायात पूर्वाधार तर्फ जम्मा योजना संख्या ७२ : ओटा मध्य ७० ओटा योजना निर्माण सम्पन्न भएका छन यो वर्ष करिव ३० किनयाँ.मि. ट्र्याक निर्माण भएको छ ऐरावती-जुडा-चुका , खण्डको टोड्के देखि भुषाल चौतारा खण्डको करिव ६ किमी सडक निर्माण भएको छ ३ वडानं | को खर्सेझ्यार देखि वडा नं दुई को चिदिबास खण्ड जोडिएको छ , वडा नं ३ को कोल्बांग देखि मिठाबगर सम्मको सडक पहुँच विस्तार भएको छ !
- सम्पदा पूर्वाधारका ९ योजना मध्य ६ योजना सम्पन्न भएका छन२ , योजना भुक्तानी दिन बाकि रहेको छः
- शिक्षा तर्फका कुल ३५ ओटा पूर्वाधार योजना मध्ये ३३ योजना सम्पन्न भएका छन पद्मोदय | माधुबां.वि.ग, मोति मा.वि बरौला र धर्मोदय मा. बि. जाबुनेमा १० कोठा भएका ३ भवन निर्माण भएका छन |
- खानेपानी तथा सरसफाई तर्फका स्विकृत ८२ ओटा योजना मध्ये ७७ योजना सम्पन्न भएका छन बृहत , बरौला खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेको छ .३ ओटा योजनाको भुक्तानी दिन बाकि रहेको छ ,करिव ४५० घरधुरीमा एक घर एक धारा जडान भएको छ !
- भाषा तथा संस्कृति तर्फका १२ योजना मध्य ११ योजना सम्पन्न भएका छन !

- युवा तथा खेलकुद तर्फका २० योजना मध्य सवै सम्पन्न भएका छन  ऐरावती खेलमैदानको निर्माण कार्यमा उल्ल्लेख्य प्रगति हासिल भएको छ !
- आवास तथा सहरी विकास तर्फ २४ योजना सम्पन्न भएका छन !
- पर्यटनविकास तर्फका ३५ ओटा योजना मध्ये ३४ योजना सम्पन्न भएका छन , ऐरावती पिकनिक पार्कको निर्माण र शिर्सेनी होम स्टे संचालनले ऐराव्तीको पर्यटनविकासको आधार तयार गरेको छ |
- जलश्रोत तथा सिंचाई तर्फका जम्मा १०८ ओटा योजना मध्य १०३ ओटा योजना सम्पन्न भएका छन ।

<u>योजना शाखा अन्तर्गत सम्पादन भएका कार्यक्रमहरु</u>

- योजना सम्पन्न भएका ४१९ वटा ठेक्का बाहेकका ।
- विपद व्यवस्थापन कूल जम्मा ३५ वटा सम्पन्न भएको ।
- १०४ जना परिवारलाई सुरक्षित नागारिक आवास कार्यक्रम अन्तर्गत गत आर्थिको भुत्तानी दिएको ।

## <u>पोषण कार्यक्रम तर्फ</u>

- प्रा.वि. तथा बाल विकासका शिक्षकहरुलाई २ दिने पोषण सम्बन्धी तालिम सम्पन्न गरेको ।
- सुनौलो हजार दिनका आमाहरुलाई पोषण तथा लैगिंक हिंसा सम्बन्धी ६ वटै वडामा तालिम संचालन गरियो ।
- माध्यमिक तहका ७ वटा विद्यालयमा किशोर किशोरीलाई पोषण श्रब्य दृष्य प्रशारण तथा अन्तरकृयिा गरियो ।
- जनकल्याण आ.वि. रानीबासमा खानेपानी टंकी निर्माण तथा शौचालय निर्माण गरियो ।
- सुनौलो हजार दिनका आमाहरुलाई १ महिने प्रति आमालाई कुखुराका चल्ला २०० जनालाई वितरण गरियो ।

- किचेन गार्डेनको आवधारण अनुरुपम २०० जना सुनौलौ हजार दिनका आमालाई तरकारीको कम्पोजिटभ तरकारी विऊ वितरण गरियो ।
- ५ जना कुपोषित बाल, बालिकाहरुलाई ५००० बराबरको पोषिलो आहार वितरण गरियो ।

- <u>आर्थिक वर्ष २०७८।०७९ को विषयगत खर्च विवरण</u>

१.आर्थिक विकास तर्फ - ९२.६ प्रतिशत खर्च भएकोछ ।

२. सामाजिक विकास तर्फ- ६३.८३ प्रतिशत खर्च भएकोछ ।

३. पूर्वाधार विकास तर्फ - ८४.७८ प्रतिशत खर्च भएकोछ ।

४. शुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ -५६.८२ प्रतिशत खर्च भएकोछ ।

५. कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ -७२.५ प्रतिशत खर्च भएकोछ ।

आर्थिक वर्ष २०७८/०७९ को जम्मा ७८.५४ प्रतिशत खर्च भएकोछ ।

आर्थिक वर्ष २०७८।०७९ को आय विवरण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकार | ४१०७८५,०००।० |
| १ (क) | वित्तीय समानीकरण अनुदान | ९,६६,००,०००।० |
| १ (ख) | राजश्व बाँडफाँड | ७,७७,८५,०००।० |
| १ (ग) | सशर्त अनुदान | २०,८२,००,०००।० |
| १ (घ) | विशेष अनुदान | २,०८,००,०००।० |

| | | |
|---|---|---|
| १ (ङ) | समपुरक अनुदान | ७४,००,०००।० |
| २ | प्रदेश सरकार | ३,९५,५७,२९८।० |
| २ (क) | वित्तीय समानीकरण अनुदान | ४५,११,०००।० |
| २ (ख) | राजश्व बाँडफाँड | ५५,०२,२९८।० |
| २ (ग) | सशर्त अनुदान | ८५,४४,०००।० |
| २ (घ) | विशेष अनुदान | ६०,००,०००।० |
| ३ (ङ) | समपुरक अनुदान | १,५०,००,०००।० |
| ४ (च) | आन्तरिक आम्दानी | ६०,००,०००।० |
| ४ (छ) | अल्या जिम्मेवारी सर्ने | ५,८६,४०,०००।० |
| | जम्मा : | ५१,४९,८२,२९८।० |

धन्यावाद ।